१. **छैटौं हिन्द महासागरीय सम्मेलन कहिले र कहाँ सम्पन्न भएको हो ?**

✍ सन् २०२३ मे १२-१३, बङ्गलादेश

- नारा : 'शान्ति, समृद्धि र उत्थानशील भविष्यका लागि साझेदारी ।'
- नेपालका तर्फबाट परराष्ट्रमन्त्री नारायणप्रसाद (एनपी) साउदले प्रतिनिधित्व गरेका ।
- सम्मेलनमा हिमाल र महासागरबिचको प्राकृतिक सम्बन्ध सुदृढ हुनुपर्ने, हिन्द प्रशान्त क्षेत्रमा वास्तविक, सुदृढ र जिम्मेवार रूपमा सबै मुलुकले आपसी सहकार्य गर्नुपर्ने, हिन्द महासागरको रणनीतिक, आर्थिक र वातावरणीय महत्त्वमा जोड एवं तटीय र दुर्गम क्षेत्रको जनजीवनमा जलवायु परिवर्तनको असरलाई सबैले मिलेर सम्बोधन गर्नुपर्नेमा जोड दिइएको ।

२. **विसं २०८० वैशाख २५ को संवैधानिक परिषद्को बैठकले सर्वोच्च अदालतको प्रधान न्यायाधीशमा कसलाई सिफारिस गरेको हो ?**

✍ हरिकृष्ण कार्की

- पद रिक्त भएको पाँच महिनापछि कायममुकायम प्रधान न्यायाधीशको जिम्मेवारीमा रहनुभएका कार्कीको नाम सिफारिस गरिएको । संसदीय सुनुवाइ प्रक्रिया पूरा भएपश्चात् कार्कीको नियुक्ति हुने ।
- उमेर हदका कारण २०८० साउन १९ सम्म उहाँको कार्यकाल रहने ।
- तत्कालीन प्रधान न्यायाधीश चोलेन्द्रशमशेर जबराले निलम्बनमा रहेकै अवस्थामा अवकाश पाएपछि २०७९ मङ्सिर २७ यता प्रधान न्यायाधीश पद रिक्त थियो ।
- तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यकालमा कार्की २०७२ आश्विन २८ देखि फागुन १८ गतेसम्म महान्यायाधिवक्ता बन्नुभएको थियो ।
- उहाँ २०७९ असोजदेखि कायममुकायम प्रधान न्यायाधीशको रूपमा काम गर्दै आउनुभएको ।

CamScanner

३. **लाउरेस वर्ल्ड स्पोर्ट्स अवार्ड अन्तर्गत स्पोर्ट्सम्यानसिप अवार्ड–२०२३ जित्ने फुटबल खेलाडी को हुन् ?**

✍ लियोनल मेसी

- त्यसै गरी लाउरेस स्पोर्ट्स अवार्ड अन्तर्गत 'टिम अफ दी इयर' को अवार्ड अर्जेन्टिनाले जितेको ।
- महिलातर्फको उपाधि (स्पोर्ट्स वुमन अफ दी इयर जमैकन स्प्रिन्टर) सेली फ्रेजर (दौड) ले जितेकी ।
- अवार्ड कार्यक्रममा डेनमार्कका मिडफिल्डर क्रिस्टियन इरिक्सनले कमव्याक अफ दी इयरको उपाधि जितेका ।
- लाउरेस स्पोर्ट्स फर गुड अवार्ड बार्सिलोनाका स्ट्राइकर रोबर्ट लेबान्डोस्कीले प्राप्त गरेका ।
- विश्वका प्रसिद्ध मिडियाकर्मीहरूले वर्षभरि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र क्लबस्तरीय खेलमा खेलाडीले गरेको प्रदर्शनका आधारमा मनोनयन गर्ने र सोपश्चात् लाउरेस स्पोर्ट्स एकेडेमीका ७१ सदस्यले मनोनयनमा परेका खेलाडीको विश्लेषण गरी विजेता छनोट गर्ने ।

४. **दोस्रो जनआन्दोलनका घाइते 'जिउँदो सहिद' मुकेश कायस्थको निधन कहिले भएको हो ?**

Govinda Giri

✍ विसं २०८० वैशाख २७

- आन्दोलनको क्रममा १४ वर्षकै उमेरमा २०६२ चैत २७ गते बनेपाको तीनदोबाटोमा प्रहरीले चलाएको गोली लागेर घाइते भएका मुकेस करिब १७ वर्ष अर्धचेत अवस्थामा जीवन बिताइरहेका थिए ।

CamScanner

५.	वर्ल्ड इकोनोमिक फोरम (डब्लुइएफ) को फ्युचर अफ जब्सको पछिल्लो (सन् २०२३) प्रतिवेदन अनुसार आगामी ५ वर्षमा कति व्यक्तिको रोजगारी गुम्ने आकलन छ ?

ख	एक करोड ५० लाख

- डब्लुइएफका अनुसार आगामी पाँच वर्षमा विश्वभरिबाट आठ करोड ३० लाख रोजगारी समाप्त हुने छ । यसमा छ करोड ९० लाख नयाँ रोजगारीसमेत सृजना हुने छ। अर्थात् अहिलेको हिसाबमा सन् २०२७ सम्म एक करोड ४० लाख रोजगारी कम हुने ।
- डिजिटल कमर्स, शिक्षा र कृषि क्षेत्रमा भने रोजगारीको अवस्था राम्रो हुने। रोजगारी गुम्नुमा प्रमुख कारण प्रविधि रहेको ।
- ४४ प्रतिशत कर्मचारीले रोजगारीमा टिक्न सिप बढाउनुपर्ने ।

CS CamScanner

**६. नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) कहिलेदेखि कार्यान्वयनमा ल्याएको हो ?**

✍ वि.सं. २०८० जेठ १

- सरकारले वैदेशिक रोजगारीबाट फर्केका नेपालीले दुई वटा मोबाइल ल्याउन पाउने व्यवस्था गरेसँगै एमडिएमएस लागु हुन लागेको।
- मोबाइल सेटको गैरकानुनी आयात, बिक्री-वितरण तथा प्रयोगलाई निरुत्साहित गर्न यो सिस्टम लागु गरिएको। यसले मोबाइल आयातलाई व्यवस्थित गर्न, चोरी भएका तथा हराएका मोबाइल सेटको ट्र्याकिङ-ब्लकिङ गरी नेपालभित्र त्यस्ता मोबाइल नचल्ने व्यवस्था गर्ने।
- भन्सार विभागका अनुसार यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तुसम्बन्धी आदेश, २०७७ बमोजिम विदेश भएका नेपाली यात्रुले नेपाल फर्कंदा आफूले प्रयोग गरेकोबाहेक साथमा नयाँ एक सेट मोबाइल ल्याउन सक्ने।
- विदेशबाट फर्केका नेपालीले साथमा ल्याएको मोबाइल सेट आफैं अनलाइनमार्फत एमडिएमएसमा दर्ता गर्न सक्ने।
- यो सिस्टम लागु भएसँगै मोबाइल आयातकर्ताले पनि प्राधिकरणसँग अनुमति लिएर र आइएमइआई नम्बर दर्ता गरेर मात्रै मोबाइल आयात गर्नुपर्ने।
- प्राधिकरणले नेपाली बजारमा मोबाइल खरिद गर्दा एमडिएमएसमा दर्ता नभएको यकिन गरी सजगता अपनाएर मात्र खरिद गर्न आग्रह गरेको। प्राधिकरणको वेबसाइटमा गएर मोबाइल सेटको आइएमइआई नम्बर राखेपछि सेट एमडिएमएसमा दर्ता भए-नभएको थाहा पाउन सकिने।
- सरकारले २०७८ साउनदेखि नै यो प्रणाली लागु गर्ने घोषणा गरे पनि तयारी नपुगेको भन्दै २०७९ पुस १५ गतेको भाका सरिएको थियो। सरोकारवालाहरूबाट विरोध भएपश्चात् स्थगित हुन पुगेको सो व्यवस्था जेठ १ बाट सुरु भएको।

Govinda Giri

CamScanner

७. नेपालको राष्ट्रिय प्रकृति संरक्षण कोषलाई 'प्रत्यक्ष पहुँच एकाइ' को रूपमा मान्यता दिने संस्था कुन हो ?

✍ हरित जलवायु कोष (जिसिएफ)

८. हुम्लालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा कहिले गरिएको हो ?

✍ विसं २०८० वैशाख ३०

- हुम्ला पूर्ण खोप सुनिश्चित घोषित हुने ७१ औँ जिल्ला हो ।
- यसअघि जिल्लाका सात वटै गाउँपालिका पूर्ण खोप सुनिश्चित पालिका घोषणा भइसकेका । सात वटै पालिका पछि जिल्लालाई पनि पूर्ण खोप सुनिश्चित

CS CamScanner

जिल्ला घोषणा गरिएको ।

**९. राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको फास्ट ट्र्याक अर्थात् द्रुत मार्गको लम्बाइ कति रहेको छ ?**

✍ ७२.५ किलोमिटर

- यस मार्गको निर्माण व्यवस्थापनको जिम्मेवारी सरकारले विसं २०७४ वैशाख २१ मा नेपाली सेनालाई सुम्पेको ।
- निर्माण लागत एक खर्ब सात अर्ब अनुमान गरिएको ।
- विसं २०८० वैशाख ५ मा बसेको मन्त्रीपरिषद् बैठकले फास्ट ट्र्याक सडक आयोजनाको निर्माण अवधि २०८३ चैत मसान्तसम्म थप गर्ने निर्णय गरेको ।

**१०. सार्वजनिक संस्थान सुझाव समितिको संयोजकमा कसलाई नियुक्त गरियो ?**

Govinda Giri

✍ शङ्करप्रसाद अधिकारी

- विसं २०८० वैशाख ५ को मन्त्रीपरिषद् बैठकले सार्वजनिक संस्थान सुझाव समितिको अवधारणापत्र, २०८० स्वीकृत गरेको । साथै अधिकारीको संयोजकत्वमा तीन सदस्यीय सार्वजनिक संस्थान सुझाव समिति गठन गर्ने निर्णय गरेको ।

**११. जलवायु परिवर्तनसम्बन्धी 'पेरिस सम्झौता' बाट अमेरिका कहिले बाहिरिएको हो ?**

✍ सन् २०२० नोभेम्बर ४

- विश्वमा जलवायु परिवर्तनको प्रभाव कम गर्ने सम्बन्धमा सन् २०१५ मा फ्रान्सको राजधानी पेरिसमा भएको जलवायु परिवर्तनसम्बन्धी सम्मेलनले विश्वका शक्तिराष्ट्रहरूसँग एक सम्झौता गरेको थियो ।
- त्यो सम्झौतामा अमेरिकाले पनि हस्ताक्षर गरेको थियो तर पछि अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्प आएपछि उनले यस सम्झौताबाट अमेरिका बाहिरिने निर्णय गरेका थिए ।

CS CamScanner

**१२. श्रमसम्बन्धी मुद्दा हेर्ने उद्देश्यका साथ श्रम अदालतको गठन कहिले गरिएको हो ?**

✍ वि.सं. २०७७ असोज २९

**१३. भौगोलिक खोजकर्ता क्रिस्टोफर कोलम्बस र भास्को डी गामाद्वारा प्रयोग गरिएको नक्साको निर्माण गर्ने व्यक्ति को हुन् ?**

✍ मुहम्मद अल–इद्रिसी

**१४. गौतम बुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कारको स्थापना कहिले भएको हो ?**

✍ विसं २०६२

– (प्रत्येक पाँच–पाँच वर्षमा प्रदान गरिने गौतम बुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कार पहिलोपल्ट विसं २०६५ बुद्ध पूर्णिमाका दिन प्रदान गरिएको ।)

**१५. सार्क सचिवालयबाट नियमित रूपमा निस्कने पत्रिकाको नाम के हो ?**

✍ 'पिजेन'

**१६. नेपालमा गणतन्त्र दिवस कहिले मनाइन्छ ?**

✍ जेठ १५

– (संविधान सभाको पहिलो बैठकले २०६५ जेठ १५ गते नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको दिनको स्मरणमा हरेक वर्ष गणतन्त्र दिवस मनाउँदै आइएको ।)

CS CamScanner

**१७. विश्वमै पहिलो पटक सुँगुरको मुटु मानिसमा प्रत्यारोपण कहिले गरिएको हो ?**

✍ सन् २०२२ जनवरी ७

- आनुवंशिक परिवर्तन गरिएको सुँगुरको मुटु प्रत्यारोपण गरिएका व्यक्ति डेभिड बेनेट हुन् । उनको मार्च ८ (२०२२) मा निधन भएको ।
- पहिलो पटक मृत व्यक्तिको मुटु ज्युँदो व्यक्तिमा प्रत्यारोपण गर्ने चिकित्सक डा. कुमुद धिताल हुन् ।
- मानव मुटु प्रत्यारोपण गर्ने प्रथम चिकित्सक डा. क्रिश्चियन बर्नार्ड (दक्षिण अफ्रिका) हुन् ।
- मुटु प्रत्यारोपण प्राप्त प्रथम व्यक्ति लुइ वास्कान्स्की हुन् ।
- कृत्रिम मुटु प्राप्त प्रथम व्यक्ति बार्नी क्लार्फ हुन् ।

**१८. नेपालमा जनगणना कार्य कहिलेदेखि सुरु भएको हो ?**

Govinda Giri

✍ विसं १९६८

- विसं २०७८ मा १२ औं राष्ट्रिय जनगणना सम्पन्न भएको ।
- नेपालमा प्रथम राष्ट्रिय जनसङ्ख्या सम्मेलन विसं २०७१ जेठ २२–२४ सम्म भएको ।
- पहिलो विश्व जनसङ्ख्या सम्मेलन सन् १९५४ मा इटालीमा सम्पन्न भएको ।

**१९. नेपालमा पहिलो पटक न्युक्लियर मेडिसिन सेवाको सुरुवात कहिले भएको हो ?**

✍ विसं २०७७ पुस ६

- खास गरी क्यान्सर, थाइराइड एवं हड्डीसम्बन्धी समस्या (दुखाइ) पत्ता लगाउन यो प्रविधि प्रयोग गरिने ।
- यस प्रविधिमार्फत कम स्तरको रेडियो एक्टिभ सामग्री मौखिक एवं इन्जेक्सनमार्फत शरीरभित्र प्रवेश गराई शरीरको अवस्थाबारे जानकारी लिन सकिने ।

CS CamScanner

**२०. एसिया प्रशान्त आर्थिक सहयोग (एपेक) को स्थापना कहिले भएको हो ?**

✍ सन् १९८९

- यसको प्रधान कार्यालय सिङ्गापुरमा रहेको ।
- स्थापना कालमा १२ देश रहेको यस सङ्गठनमा हाल २१ सदस्य राष्ट्र छन् ।
- यस संस्थाको पहिलो सम्मेलन सन् १९८९ मा अस्ट्रेलियामा सम्पन्न भएको ।

**२१. सरकारले सवारीचालक अनुमतिपत्र (लाइसेन्स) मा 'स्मार्टकार्ड' को व्यवस्था कहिलेदेखि गरेको हो ?**

✍ विसं २०७२ मङ्सिर १४

**२२. 'रानाथारू' लाई आदिवासी/जनजातिको सूचीमा कहिले सूचीकृत गरिएको हो ?**

✍ विसं २०७७ जेठ ५ (राजपत्रमा सूचना प्रकाशित भएसँगै), मन्त्रीपरिषद्ले विसं २०७६ माघ २० मा आदिवासी जनजाति सूचीमा समावेश गर्ने निर्णय गरेको थियो ।

- आदिवासी/जनजातिमा सूचीकृत हुने जनजाति वा समुदायको सङ्ख्या ६० पुगेको ।

**२३. 'रानाथारू' जातिको मुख्य बसोबास कहाँ रहेको छ ?**

✍ कैलाली र कन्चनपुर

- यो जातिले चैत, वैशाख र जेठमा चराई पर्व मनाउने ।
- यस जातिले सबैभन्दा लामो होली मनाउने ।
- सरकारी स्तरबाट रानाथारूको पहिचान प्राप्त गर्ने पहिलो व्यक्ति लवरु रानाथारू रहेका ।

CS CamScanner